

# अध्याय -४

## परमेश्वरले हामीलाई कसरी उद्धार गर्नुहुन्छ?

**यस अध्यायका मूलपदहरू: एफिसी २:१-१०; एफिसी ५:१४; रोमी ५:१७; एफिसी ५:६; २ तिमोथी १:७।**



**<u>यस अध्यायको मूल सार पद:</u> "तर परमेश्वर, जो कृपामा धनी हुनुहुन्छ, उहाँले आफ्नो महान् प्रेमद्वारा हामीलाई प्रेम गर्नुभयो, यसकारण पापमा हामी मरेका भए तापनि उहाँले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो– अनुग्रहबाट नै तिमीहरूले उद्धार पाएका छौ।" एफिसी २:४-५।**

१९८७ को अक्टोबर १४ मा अठार महिनाकी जेसिका माकल्युर आफ्नी काकीको घरको पछाडि खेलिरहेकी थिइन्। अनि अचानक २२ फिट गहिरो चलनमा नआएको इनारमा जेसिका खसिन। उनको क्रन्दनले सबै छिमेकीहरू त्यहाँ आइपुगे। विश्वको सञ्चारकर्मीहरूको ध्यान पनि त्यहाँ पुगे। त्यो अमेरिकाको टेक्सास राज्यको मिडलान्डमा भएको घट्ना थियो। विश्वका टेलिभिजनहरूमा सुतिरहेकी, रोइरहेकी, गीत गाइरेहकी र आमालाई बोलाइरहेकी "बच्ची जेसिका"लाई हेरिरहेका थिए। आपतकालिन

कर्मचारीहरूले त्यस इनारमा ताजा हावा पठाएको ती मानिसहरूले हेरिरहेका थिए।

जेसिका खसेको अठ्ठाउन्न घन्टापछि जेसिकालाई आठ इन्च प्वाल भासिएर खसेकीलाई उद्धार गरेको विश्वभरिका मानिसहरूले हेरिरहेका थिए। उनी त्यस सुकेको इनारमा दुई दिनसम्म धरापमा परेकी थिइन्। पुलिटजर पुरस्कार पाउने फोटो खिँच्ने स्कट शले त्यसबेलाको तनाव दृश्य खिचेका थिएः जेसिकालाई उद्धार गर्नेहरूले दुईवटा तारहरू त्यस इनारमा खसालेका थिए। तारको सहायताले कपडा बेरिएको पोकालाई जेसिकाका उद्धारकर्मीहरूले माथि निकाले। त्यस पोकाको भित्र बच्ची जेसिका थिइन्। सारा दृश्यको केन्द्रविन्दु जेसिका थिइन्।

उद्धार गरिएको कथा जस्तो सनसनीपूर्ण कथा अरू हुँदैन। एफिसी २:१-१०मा विश्वको इतिहासमै महान् सनसनीपूर्ण उद्धारको कथा पावलले आफ्नो व्यक्तिगत दृष्टिकोणले नजिक ल्याएर हाम्रो सामु प्रस्तुत गर्दछन्-त्यो हो मानव जातिको उद्धारको निम्ति परमेश्वरको भयानक प्रयास। त्यस उद्धारको कथाको नाटक केवल हामीहरूले हेरिरहँदा मन धुकधुकी हुने होइन तर त्यो उद्धार गरिनुपर्नेमा हामी नै परिरहेकोले, त्यस उद्धारको विषय जल्दोबल्दो, नाटकीय र समसामयीक भएको हामी पाउँछौं।

## १. सैतानको धोखामा एक फेरा मरेको हामी

**एफिसी २:१-१० पढ्नुहोस्। येशूले हामीलाई के गर्नुभयो त्यसको के मूख्य धारणा प्रस्तुत गरिएको छ? हेर्नुहोस्, "१ तिमीहरू आफ्ना अपराध र पापहरूद्वारा मरेको बेलामा उहाँले तिमीहरूलाई जीवित पार्नुभयो। २ यिनैमा यस संसारको रीतिअनुसार र आकाशको शक्तिको मालिकअनुसार, अनाज्ञाकारिताका सन्तानमा अहिले काम गर्ने आत्माअनुसार तिमीहरू अघि एक पल्ट चल्दैथियौ। ३ तिनीमध्ये हामी सबै पनि शरीर र मनका इच्छा पूरा गरेर आफ्नो पापमय स्वभावका लालसामा अघि जिउँथ्यौं, र बाँकी मानिसजस्तै हामी स्वभावैले क्रोधका सन्तान थियौं। ४ तर परमेश्वर, जो कृपामा धनी हुनुहुन्छ, उहाँले आफ्नो महान् प्रेमद्वारा हामीलाई प्रेम गर्नुभयो, ५ यसकारण पापमा हामी मरेका भए तापनि उहाँले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो– अनुग्रहबाट नै तिमीहरूले उद्धार पाएका छौ। ६ र उहाँसँग हामीलाई उठाउनुभयो, अनि स्वर्गीय स्थानहरूमा ख्रीष्ट येशूसँग बसाल्नुभयो। ७ योचाहिँ ख्रीष्ट येशूमा हामीप्रति उहाँको दयामा आफ्नो अनुग्रहको असीम सम्पत्ति आउँदा युगहरूमा देखाउनलाई हो। ८**

**किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ– र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो– ९ कर्महरूद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ। १० किनकि हामी असल कामहरूका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सीप हौं। हामी तीबमोजिम हिँड़ौं भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नुभएको थियो।"**

**येशूलाई विश्वास गर्नेहरूलाई** दिएको मुक्तिको बारेमा वयान पावलले एफिसी १ अध्यायमा गरिसकेको छ। यो वयान छोटकरीमा एफिसीका विश्वासीहरूलाई सुनाइएको थियो (एफिसी १:१३)। एफिसी २:१-१०मा तिनीहरूको परिवर्तित जीवन वा येशूलाई विश्वास गर्न पुगेको कथा विस्तृतरूपमा बताउँछन्। त्यस कथामा व्यक्ति विशेषलाई केन्द्रविन्दु बनाएर प्रस्तुत गरिएको छ। तिनीहरूको विगत पापपूर्ण अस्तित्व (**एफिसी २:१-३**)**को** विपरित अब परमेश्वरको मुक्तिमा पाएका आशिषहरू उनले सम्झाउँछन्। ती आशिषहरूमा येशूको पुनरुत्थान, स्वर्गमा उक्लनुभएको र उहाँको उच्च पारिएकोमा पनि तिनीहरू सहभागी हुन पाउनुको चित्रण गरिएको थियो। मुक्ति परमेश्वरको अनुग्रह र सृजनातत्मक कामको आधारमा (एफिसी २:८-१०) भएकोले त्यसप्रति आनन्दित भएर अघि बढ्न पावलले आह्वान गर्दछन्।

त्यस अंशमा दिएका तीन खण्डहरूलाई पावलले एफिसी २:५मा राम्रो तरिकाले सारांश दिएका छन्: (१) "हामीहरू परमेश्वरका आज्ञाहरू भङ्ग गरेर मुर्दा भएका थियौं"; (२) परमेश्वरले "हामी सबैलाई ख्रीष्टमा जीवित पार्नुभएकोछ" (३) "अनुग्रहबाट हामीहरूले मुक्ति पाएका छौं।"

येशूलाई विश्वास गर्नुभन्दा अघिको तिनीहरूको कहालिलाग्दो वास्तविक जीवन पावलले एफिसी २:१,२मा आफ्ना पाठकहरूलाई याद दिलाउँछन्, तिनीहरू आत्मिकरूपमा मरेका थिए, अवज्ञाको जीवनशैली र दुष्ट तथा पापहरूमा पर्न रूचाउने तिनीहरूको जीवनशैली नै थियो (एफिसी २:१) र तिनीहरूलाई सैतानले दवाइ राखेको थियो (एफिसी २:२)। जीवित मानिसहरूलाई नै पावलले लेखेको हुनाले तिनीहरू एक फेरा मरेका मुर्दाहरू भन्दा तिनीहरूको अवस्थाको चित्रणमात्रै गरेका हुन् (एफिसी ५:१४ मा लेखिएको छः "ए निद्रामा परेकाहरू, जाग र मरेकाहरूबाट उठ, र ख्रीष्टले तिमीहरूलाई प्रकाश दिनुहुनेछ।" एफिसी ५:१४। तिनीहरूको त्यो परिस्थिति केवल धारणामात्र थिएन तर वास्तविकनै थियो, र कहालिलाग्दो थियो किनभने तिनीहरू जीवनको स्रोत परमेश्वरबाट पनि अलगिएको थियो (कलस्सी २:१३, रोमी ५:१७, रोमी ६:२३)।

आफ्ना पाठकहरूलाई विगतको जीवनको बारेमा सुनाउँदै पावलले तिनीहरू दुई बाह्य शक्तिहरूको अधिनमा थिए भनेर सुनाउँछन्। पहिलो त "संसारको जीवनशैली वा रितिहरू" (एफिसी २:२)-अर्थात एफिसीका रितिथिति, संस्कार, संस्कृति, चालचलन र जीवनशैली जसले गर्दा मानव जीवन नै परमेश्वरको विरोधमा जाने गलत ढाँचामा ढालिएको थियो।

सैतानको दोस्रो वाह्य शक्तिलाई दुई तरिकाले व्याख्या गरिएको छ। येशूका विश्वासीहरूलाई उहाँलाई विश्वास गर्नुभन्दा पहिले सैतानले तिनीहरूलाई काबुमा राखेको थियो। सैतान "आकाशको शक्तिको मालिकअनुसार वा गलत अध्यात्मिक शक्ति" (एफिसी २:२)। "आकाशको शक्ति" वा "स्वर्गिय स्थान" भन्दा अलौकिक शक्तिको स्थान पनि भनेर पहिचान गरिएको छ। त्यस स्थानमा दुष्टहरू समावेश भएका हुन्छन् (एफिसी १:३, ३:१०, ६:१२)। अलौकिक स्थानहरूमामात्र होइन सैतान यस पृथ्वीमा पनि सक्रिय छ  किनकि सैतान अहिले पनि "अनाज्ञाकारिताका सन्तानमा काम गर्ने आत्मा वा शक्ति भएकोछ"। एफिसी २:२।

**परमेश्वर र सैतानको बीचमा भइरहेको भिषण द्वन्द्वको बारेमा माथिका पदहरूको वास्तविकतालाई हामीलाई कसरी सिकाउँछन्? फेरि त्यसै बखत येशूले  विजय पाउनुभएको छ  र त्यस विजयमा हामीलाई पनि समावेश भएको छ भन्ने आत्मज्ञान पाउँदा हामीमा सान्त्वना र आशा कसरी पल्हाउँदछ?**

## २. आफ्नै सोचबिचार, योजना, इन्द्रियतृप्ति, महत्त्वाकाँक्षा र नियतहरूको कारण भ्रष्ट हुनु

"तिनीमध्ये हामी सबै पनि शरीर र मनका इच्छा पूरा गरेर वा इन्द्रियतृप्तिको निम्ति आफ्नो पापमय स्वभावका लालसामा अघि जिउँथ्यौं, र बाँकी मानिसजस्तै हामी स्वभावैले क्रोधका सन्तान थियौं।" एफिसी २:३।

यदि परमेश्वरलाई हस्तक्षेप गर्न दिएनौं भने मानव अस्तित्वलाई एफिसी २:२ले बताएको अनुसार वाह्य शक्तिहरूलेमात्र होइन मानव जीवनको भित्रै शक्तिहरूले नियन्त्रणमा राखेको छः त्यो हो "हामी सबै पनि शरीर र मनका इच्छा पूरा गरेर आफ्नो पापमय स्वभावका लालसामा अघि जिउँथ्यौं।" एफिसी २:३। यस सन्दर्भमा देहायका पदहरू थाहा पाउनु उपयोगीमूलक छः "१४ तर हरेक मानिस आफ्नै खराब इच्छाद्वारा लोभिएर परीक्षामा पर्दछ। १५ तब खराब इच्छाले गर्भधारण गरेपछि त्यसले पाप जन्माउँछ। अनि पाप पूरै बढ़ेपछि त्यसले मृत्यु ल्याउँछ।" याकूब १:१४-१५; "१३ यसकारण

आफ्नो मन बाँध, संयमी होओ र येशू ख्रीष्ट प्रकट हुनुहुँदा तिमीहरूकहाँ आउन लागेको अनुग्रहमा तिमीहरूको आशा पूर्ण रूपले राख। १४ आज्ञाकारी बालकहरू भएका हुनाले अगाडिको अजान अवस्थाका कुइच्छाहरूमा तिमीहरू अब नलाग।" १ पत्रुस १:१३-१४।

**आफ्ना श्रोतावर्गहरूलाई "बाँकी मानिसजस्तै हामी स्वभावैले क्रोधका सन्तान थियौं।" (एफिसी २:३) भनेर पावलले सुनाउनुको अर्थ के हो र किन हो? हेर्नुहोस्, "तिनीमध्ये हामी सबै पनि शरीर र मनका इच्छा पूरा गरेर आफ्नो पापमय स्वभावका लालसामा अघि जिउँथ्यौं, र बाँकी मानिसजस्तै हामी स्वभावैले क्रोधका सन्तान थियौं।" एफिसी २:३ र "कसैले तिमीहरूलाई खोक्रा कुराले धोका नदेओस्, किनकि ती कुराको कारणले अनाज्ञाकारीहरूमाथि परमेश्वरको क्रोध पर्छ।" एफिसी ५:६।**

परमेश्वरबिना वर्तमान जीवन बिताउनु कहालीलाग्दो नै छ, तर युगको अन्तमा बाँचिरहेका मानिसहरूको स्वभाव झन भयाभव छ। मानव जीवन बाँकि मानव प्राणीहरू जस्तै स्वभावैले क्रोधका सन्तान भएको अर्थले अन्तको समयमा परमेश्वरले अभक्तहरूलाई गर्नुहुने न्यायको फैसलालाई औँल्याउँछ।

"स्वभावैले क्रोधको सन्तान" भन्दा अर्को भयाभव वास्तविकतालाई औँल्याउँछ। हामी परमेश्वरको स्वरूप भएतापनि पापले गर्दा हामी सबैमा कुनै न कुनै गहिरो रूपमा बिग्रिएको मनस्थिति छ। त्यसको अर्थ येशूमा भक्ति जीवन बिताउनु भनेको केवल एउटा वा दुईवटा खराब बानीलाई जितेर बस्नु वा पाप र गलत कामहरूलाई माथ गरेर बस्नुमात्र होइन् (एफिसी २:१), जुन अहिले नै हाम्रो जीवनमा जल्दोबल्दो विषयहरू भइरहेकाछन्।

हामी पापहरूसँगमात्र मुकाबिला गरेर बस्ने होइन पाप वा सैतानसँगै भिडेर बस्नु पर्दछ। हामीहरूको मानव स्वभाव नै परमेश्वरको विद्रोह गर्ने खालको छ। त्यो मात्र होइन हामी आफूले आफैलाई नाश गर्ने बाटोमा लागिरहेका छौं। हाम्रो कानमा सैतानले गर्ने खुसखुस वा सैतानको नियन्त्रमा राख्न चाहने (एफिसी २:२) हाम्रो चेतना भएकोले हामी आफूले आफैलाई विध्वंसतिर लगाइरहेका छौं र पापको ज्यादतिमा रमाउन चाहन्छौं। हाम्रो नियत र भित्री चाहना नै पापका इच्छाहरूलाई सुम्पिरहेका हुन्छौं (एफिसी २:३)। येशूभक्तहरू एक पल्ट स्वभावैले क्रोधका सन्तान थिए।

यो धेरै महत्त्वपूर्ण छ कि पावलले त्यस क्रोधको मामिलामा भूत काल प्रयोग गरिएको छ- हामी "स्वभावैले क्रोधका सन्तान थियौं" (एफिसी २:३)। त्यसको अर्थ यो होइन कि येशूलाई विश्वास गरेपछि पापप्रति ढल्कने बानी

हरायो। पावलले आफ्नो पत्रको एक प्रमुख भाग एफिसी ४:१७-५:२१मा पापपूर्ण कामहरूको बारेमा चेतावनी दिन्दछन्। हाम्रो मानव स्वभावैमा पापले जरा गाडिएकोले येशूभक्तको जीवनमा पापले सन्त्रास दिइरहने कायमै भएको हुन्छ। तर हामीले यो ठोकुवा गरेर भन्न सक्छौं वा भन्न सक्नुपर्छ कि हाम्रो "पुरानो जीवनले" हामीलाई नियन्त्रमा राख्न दिन आवश्यक छैन। येशू ख्रीष्टको शक्तिले "पुरानो जीवन वा स्वार्थलाई" त्यागेका हुन्छौं" र "नयाँ जीवन धारण गरेका हुन्छौं। हामी परमेश्वरको स्वरूपमा पुनसृष्टि हुन्छौं। उहाँमा रहेर हामी सत्य धार्मिकता वा धर्मपरायण र पवित्र जीवन" बिताउन सक्छौं (एफिसी ४:२२-२४)।

**येशूलाई हाम्रो जीवन सुम्पेतापनि बेलाबेलामा हाम्रो भ्रष्ट स्वभाव जागिरहेको हामीमा कसले अनुभव गरेका छैनौं? हाम्रो जीवनको प्रत्येक क्षण येशूमा नै झुण्डि रहनु कतिको महत्त्व छ भनेर त्यसले हामीलाई सिकाउँदछ?**

## ३. अहिले नै हामी पुनरुत्थान गरिएको, स्वर्गमा उकालिएको र येशूसँगै सम्मानित भएको अवसर

"तर परमेश्वर, जो कृपामा धनी हुनुहुन्छ, उहाँले आफ्नो महान् प्रेमद्वारा हामीलाई प्रेम गर्नुभयो।" एफिसी २:४। यहाँ दुई शक्तिशाली वा उल्लेखनीय पदहरू छन्, "तर परमेश्वर" आफ्ना पाठहरूलाई पावलले विगतको जीवनको कहालीलाग्दो चित्रण गरेपछि (एफिसी २:१-३) विश्वासीहरूको जीवनमा नयाँ आशाको वास्तविकताहरै भर्दछन् (एफिसी २:४-१०)।

**विश्वासी भक्तजनहरू ख्रीष्टको पुनरुत्थान, स्वर्गमा उहाँको उत्राइ र उहाँलाई उच्च पारिएको अवसरमा सहभागी गराएका छन् भनेर पावलले कुन आधारमा भनेका थिए र यो सहभागी कहिले हुन्छ? "६ र उहाँसँग हामीलाई उठाउनुभयो, अनि स्वर्गीय स्थानहरूमा ख्रीष्ट येशूसँग बसाल्नुभयो। ७ योचाहिँ ख्रीष्ट येशूमा हामीप्रति उहाँको दयामा आफ्नो अनुग्रहको असीम सम्पत्ति आउँदा युगहरूमा देखाउनलाई हो। एफिसी २:६-७।"**

एफिसीको पत्र ख्रीष्टले भरिभराउ भएको पत्र हो भनेर हामीले जानेकाछौं। येशूभक्तहरू ख्रीष्टसँग एकाभावना भएका छन् भनेर पावलले जोड दिएका छन्। एफिसी २:५ र ६मा पावलले यो बिषयबस्तुलाई विस्तृतरूपमा व्याख्या गर्न तीन क्रियापदहरूलाई मिसाएका छन्। परमेश्वरको अग्रसरतामा विश्वासीहरू आफै मुक्तिको महत्त्वपूर्ण इतिहासका घट्नाहरूमा भाग लिन

सक्नेहुन्छ भन्ने अचम्मको सत्य अगाडि सारेका छन्। ती घट्नाहरूको केन्द्रविन्दु येशू मसीह हुनुहुन्छ।

पावलले बताउँछन्, येशूभक्त विश्वासीहरूः (१) येशूसँगै पुनरुत्थान भएका छन्; (२) स्वर्गमा उहाँसँग उक्लिएका छन्; र (३) ख्रीष्टसँगै स्वर्गीय स्थानहरूमा बसिरहेका छन्। अर्थात् कसमोस वा जगत ब्रम्हाण्डको सिंहासनमा बस्नुहुने ख्रीष्टसँग विश्वासीहरू पनि सहभागी हुन्छन्। तिनीहरू येशूसँग उच्च पारिएकाछन्।

पावलको तर्कको शक्तिलाई सराहना गर्न हामी एफिसी १:१९-२३मा फर्किनुपर्दछ। येशूको मृत्यु, पुनरुत्थान, स्वर्गमा उक्लिनु भएको र उच्च पारिनुभएकोले सबै दुष्ट, अलौकिक र गलत आध्यात्मिक तथा आत्मिक शक्तिहरूमाथि उहाँले बिजय पाउनुभएको छ भनेर हामीले याद गर्नु आवश्यक छ। ती शक्तिहरूले विश्वासीहरूको जीवनलाई दमन गरिरहेका थिए तर ती शक्तिहरूलाई येशूले नियन्त्रणमा लिइसक्नुभएको छ। अहिले पनि ती शक्तिहरू सक्रिय भएतापनि र मानव अस्तित्वको निम्ति खतरा नै भइरहेतापनि येशूको पुनरुत्थान, स्वर्गमा उक्लनुभएकोले र उहाँलाई उच्च पारिएकोले उहाँ ती शक्तिहरूभन्दा माथि भएको प्रमाणित गर्नुभएकोछ। कसमोस वा जगतब्रम्हाण्डको नजर बदलिएको छ। विश्वासीहरू ती घट्नाहरूको केवल दर्शकहरूमात्र होइन तर व्यक्तिगतरूपमा र नजिकै समावेश भएका छन्। हामीहरू येशूसँग पुनरुत्थान भएकाछौं, उहाँसँगै माथि उक्लिएकाछौं र उहाँसँग सम्मानित भएको छौं, यस धारणाले हामीलाई नयाँ संभाव्यताहरूको ढोका खोलिदिएको छ। सैतान वा दुष्ट आत्माहरूले राज गरेको ठाउँबाट हामी ख्रीष्टमा प्रसस्त आध्यात्मिक वा आत्मिक जीवन र शक्तिसम्पन्नको जीवन बिताउन सक्छौं। अब "हामीलाई डरको आत्मा होइन, तर शक्ति, प्रेम र आत्मसंयमको आत्मा दिनुभएको छ।" २ तिमोथी १:७।

**हो, "किनभने परमेश्वरले हामीलाई डरको आत्मा होइन, तर शक्ति, प्रेम र आत्मसंयमको आत्मा दिनुभएको छ।" २ तिमोथी १:७। हामीले माथिका पदहरू हेरेको सन्दर्भमा यहाँ पावलले व्यक्ति गरिएको भावनालाई हामीले कसरी हेर्ने?**

## ४. अब हामी उहाँको अनुग्रहले सदासदा आशिष पाएका छौं

**एफिसी १:३, ४मा दिएको मुक्तिको निम्ति परमेश्वरको योजना एफिसी २:७सँग तुलना गर्नुहोस् जसमा त्यो योजनाको अनन्त नतिजाहरू उल्लेख गरेका छन्। परमेश्वरको मुक्तिको योजनाको महत्त्वपूर्ण तत्वहरू र लक्ष्यहरू के के**

**छन्? हेर्नुहोस्, "३ हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिताको प्रशंसा होस्, जसले हामीलाई स्वर्गीय स्थानहरूमा हरेक आत्मिक आशिष्ले ख्रीष्टमा आशीर्वाद दिनुभएको छ। ४ उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔं भनेर संसारको उत्पत्तिभन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो।" एफिसी १:३-४ र "योचाहिँ ख्रीष्ट येशूमा हामीप्रति उहाँको दयामा आफ्नो अनुग्रहको असीम सम्पत्ति आउँदा युगहरूमा देखाउनलाई हो।" एफिसी २:७।**

ग्राजुयशन समारोह अत्यन्तै रमाइलो उत्सब हो, चाहे किन्डरगार्टेनबाट ग्राजुयट होस् वा पिएचडी पास भएर ग्राजुयेट होस्। ग्राजुयशने विद्यार्थीको जीवनमा महत्त्वपूर्ण उपलब्धीलाई देखाउँदछ। यसले एक पछि अर्को जीवन वा जीवनको पेसाको कदममा अघि सर्ने देखाउँछ। सुसमाचारको उल्लेखनीय सत्यलाई हामी येशूभक्तहरूले बुझ्नु अत्यावश्यक छः हामी परमेश्वरको अनुग्रहबाट कहल्यै पनि ग्राजुयट हुँदैनौं। हाम्रो अनुग्रहको वा अनुग्रह आवश्यकताको पिएचडी पाउने स्तरमा हामी कहिल्यै पनि पुगेर उत्सब मनाउँदैनौं।

पावलले यो सत्यतालाई एफिसी २:७मा जिकिर गर्दछन्। यस विषयमा  विस्तृत श्रृङ्खला उनले प्रस्तुत गर्दछन्। हामीलाई मुक्ति दिन विगतमा परमेश्वरले येशूमा सक्रिय हुनुभएको थियो। उहाँले हामीलाई उहाँको पुत्र येशूसँगै पहिचान गराउनुभएको थियो। उहाँको पुनरत्थान, स्वर्गारोहण र उच्च स्थानमा आशिन (एफिसी २:४-६)मा हामीलाई उपस्थित गराउनुभएर सहभागी गराउनुभएको थियो। अनुग्रहले भरिएको विगतको समय र दयाले ओटप्रोट भएको बर्तमान स्थितिमा परमेश्वरको योजना अन्त हुँदैन। परमेश्वरको योजना ईश्वरीय परिषदमा अनन्त युगदेखिनै पारित भएको थियो (एफिसी १:४) र यो भविष्यको अन्तसम्म फैलिरहनेछ। "आउने सबै युगहरू" (एफिसी २:७) यस योजनामा समावेश भएको छ। भविष्यको अनन्त युगसम्म चलिरहने उहाँको योजना त्यही नीतिको कार्यान्वयनहरूमा थियो, जुन विगत र बर्तमान अनुग्रहको नीति थियो। "आउने युगहरूमा" भन्दा परमेश्वरले "ख्रीष्ट येशूमा हामीप्रति उहाँको दयामा आफ्नो अनुग्रहको असीम सम्पत्ति आउँदा युगहरूमा देखाउनलाई हो।" एफिसी २:७।

परमेश्वरको अनुग्रह सम्पत्ति वा अथाह बहुमूल्य धन (एफिसी १:७, ३:८) हो भनेर पावलले सोच्दछन्। विश्वासीहरूले आफ्नो कुनै आवश्यकताको निम्ति त्यसबाट झिक्न सक्छन्। हामीप्रति देखाइएको परमेश्वरको यो महान्

उदारता युगौं युगसम्म रहने अत्यन्तै भावानात्मक छ। सारा जगतको सामु उहाँको अनुग्रहको उदारताको प्रदर्शन भइरहेको छ।

"हामीसँग रहनुभएर, येशूले मानिस र स्वर्गदूतहरूको सामु परमेश्वरलाई प्रकट गर्नुभएको थियो।...तर यस पृथ्वीमा जन्मिएका मानिसका सन्तानको निम्तिमात्र त्यो प्रकट गरिएको थिएन। हाम्रो सानो पृथ्वी ग्रह जगतब्रम्हाण्डको निम्ति पाठ्यपुस्तक हो। परमेश्वरको अनुग्रहको अचम्मको लक्ष्य, उहाँको मुक्तिदिने प्रेमको रहस्य विषयलाई स्वर्गदूतहरूले हेर्न चाहेका थिए, र अनन्त युगसम्म यो तिनीहरूको अध्ययनको विषय हुनेछ। दुवै मुक्ति पाएका र पतित नभएका जीवहरूको निम्ति येशू ख्रीष्टको क्रूस तिनीहरूको विज्ञानको विषय हुनेछ र तिनीहरूको गीत पनि हुनेछ। येशूको महिमिता अनुहारबाट चम्किरहेको महिमाले उहाँको त्याग गर्ने प्रेमको महिमालाई तिनीहरूले देख्नेछन्।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. १९,२०।

## ५. अहिले परमेश्वरबाट पाएको मुक्ति

**एफिसी २:१-१० फेरि पढ्नुहोस्। पावलले पद ८-१०मा गरेको निश्कर्षमा ध्यान दिनुहोस्। यस अंशको समाप्तिमा पावलले के उल्लखेनीय बुँदाहरू औंल्याउँछन्? हेर्नुहोस्, "१ तिमीहरू आफ्ना अपराध र पापहरूद्वारा मरेको बेलामा उहाँले तिमीहरूलाई जीवित पार्नुभयो। २ यिनैमा यस संसारको रीतिअनुसार र आकाशको शक्तिको मालिकअनुसार, अनाज्ञाकारिताका सन्तानमा अहिले काम गर्ने आत्माअनुसार तिमीहरू अघि एक पल्ट चल्दैथियौ। ३ तिनीमध्ये हामी सबै पनि शरीर र मनका इच्छा पूरा गरेर आफ्नो पापमय स्वभावका लालसामा अघि जिउँथ्यौं, र बाँकी मानिसजस्तै हामी स्वभावैले क्रोधका सन्तान थियौं। ४ तर परमेश्वर, जो कृपामा धनी हुनुहुन्छ, उहाँले आफ्नो महान् प्रेमद्वारा हामीलाई प्रेम गर्नुभयो, ५ यसकारण पापमा हामी मरेका भए तापनि उहाँले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो– अनुग्रहबाट नै तिमीहरूले उद्धार पाएका छौ। ६ र उहाँसँग हामीलाई उठाउनुभयो, अनि स्वर्गीय स्थानहरूमा ख्रीष्ट येशूसँग बसाल्नुभयो। ७ योचाहिँ ख्रीष्ट येशूमा हामीप्रति उहाँको दयामा आफ्नो अनुग्रहको असीम सम्पत्ति आउँदा युगहरूमा देखाउनलाई हो। ८ किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ– र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो– ९ कर्महरूद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ। १० किनकि हामी असल कामहरूका निम्ति ख्रीष्ट**

**येशूमा सृजना गरिएका उहाँका हातका सीप हौं। हामी तीबमोजिम हिँड़ौं भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नुभएको थियो।"**

एफिससका विश्वासीहरूको धर्मकर्म, असल आचारण र सुयोग्य चरित्रहरूले मुक्ति पाएको होइन भनेर पावलले एफिसी २:१-३मा जिकिर गर्छन्। तिनीहरू आत्मिकरूपमा मुर्दा थिए भनेर उनले आफ्नो भनाइ अघि सार्छन्। तिनीहरूमा जीवनको चमक नै थिएन वा तिनीहरू मुक्ति पाउन योग्यका नै थिएन। तिनीहरूको जीवनको मूल्य नै थिएन (एफिसी २:१)। तिनीहरूलाई पापले पूरै नियन्त्रणमा राखिएको थियो (एफिसी २:१)। तिनीहरू मुक्ति पाउन वा अर्थपूर्ण जीवन बिताउन व्यक्तिगतरूपमा अघि सरेको देखाएको थिएन। तिनीहरू सैतानको चक्करमा थिए र आफ्नै कामुक बासनाहरू र मानसिक जालमा फसिरहेका थिए (एफिसी २:२,३)।

तिनीहरूलाई थाहा नभएतापनि वा तिनीहरूले महसुस नगरेतापनि तिनीहरूको जीवन अत्यन्तै तल्लो स्तरमा थिए। तिनीहरूमा कुनै आत्मिक जीवन वा गुणहरू थिएन, (मानौं तिनीहरू पशु सरह थिए)। मानिसहरूसँग रहन सहन गरेतापनि, बाहिरियरूपमा सबै ठिकठिक देखिएतापनि तिनीहरू सत्य परमेश्वरका शत्रुहरू थिए र तिनीहरूको भविष्य परमेश्वरको न्यायको दिनतिर अघि बढिरहेको थियो। संसारमा भएका परमेश्वरलाई नचिन्ने अरू मानिसहरू झैं तिनीहरू क्रोधका सन्तान भएका थिए अर्थात् परमेश्वरको रिस तिनीहरूमा थियो (एफिसी २:३)।

तिनीहरू आफ्नै गुणहरूका जराहरूमा गाभिनुको सट्टा परमेश्वरको व्याख्या गर्न नसिकने प्रेममा मुक्ति गाडिएको थियो। त्यो प्रेमलाई कुनै पनि दामी थोकले व्याख्या गर्न सक्दैन। परमेश्वरले दया र प्रेमले गर्दा तिनीहरूका निम्ति येशू ख्रीष्टमा आनन्द हुने काम परमेश्वरले गर्नुभएको थियो। तिनीहरूका अध्यात्मिक वा आत्मिक मृत्युबाट उहाँले बिउँताउनुभएको थियो (एफिसी २:४)। परमेश्वरको हस्तक्षेपले गर्दा तिनीहरू अचम्म तरिकाले येशूकै गतिमा हिँड्ने अनुभव पाइरहेका छन्। तिनीहरूलाई आत्मिक मृत्युको गतिछ्वारा जीवन र सैतानको पेलिने दासत्वबाट पुनरुत्थान गरेर स्वर्गिय स्थानहरूमा बसालिन्दै येशूसँग जगतको सिंहासनमा बस्ने अवर दिइएकोछ (एफिसी २:५,६)। यो बज्र जस्तो परमेश्वरको हस्तक्षेप थियो, तर यो क्षणभरको काम थिएन। परमेश्वरले ख्रीष्टमा भएको उहाँका अनुग्रहको प्रदर्शन सारा अनन्तसम्म गर्ने भएकोले भक्तहरूलाई उपलब्ध गराएको अवसरमा जारी हुने वास्तविक शक्ति र अनन्तसम्म भइरहन्छ (एफिसी २:७)।

एफिसी २:१-१०को निश्कर्षमा पद ८-१०मा पावलले फेरि त्यही आधारलाई दोहोऱ्याउँछ। उनले भन्न खोजेको विषयबस्तु विश्वासीहरूको दिमागमा गाभिरहोस् भन्ने उनको चाहना थियो। उनले जिकिर गरेको तर्क यो थियो कि विश्वासीहरूले पाउने मुक्ति परमेश्वरको काम हो र मानिसको कुनै कामले त्यसलाई थप्न सकिँदैन। मेरो परिश्रम, अथक प्रयास, त्याग तपस्याले परमेश्वरको निगाहा पाएको हो भन्ने फाइफुट्टी गर्ने अवसर कसैलाई दिएको छैन (एफिसी २:८,९)। परमेश्वरको अनुग्रहमा हामीहरू उभिरहेको हुँदा हामीले उहाँको अनुग्रहको प्रदर्शन गर्छौं, र केवल उहाँको अनुग्रहमात्रै। हामी उहाँको सर्वोच्च रचनाहरू हौं जुन येशू ख्रीष्टमा परमेश्वरले सृष्टि गर्नुभएको थियो (एफिसी २:१०)।

**हाम्रो मुक्ति परमेश्वरबाटमात्र हो र हाम्रो कुनै पनि प्रयास र योग्यताले प्राप्त हुने होइन भनेर बुझ्नु किन महत्त्वपूर्ण छ?**

## उपसंहार

**थप जानकारीः** एफिसीहरूलाई लेखिएको पत्रमा एफिसीका विश्वासीहरूलाई बारम्बार एउटा कथा दोहोरिएको पाइन्छ । यस पत्रमा वर्णन गरिएको मूख्य घट्नाहरूमाः

१. संसारको जग बसाल्नुभन्दा अघि नै परमेश्वरले मानिसहरूलाई मुक्ति दिलाउन रोज्नुभएको थियो (एफिसी १:४,५,११) ।

२. एफिससका विश्वासीहरूको विगतको जीवन अस्तित्वविहिन थियो (एफिसी २:१-३,११,१२; ४:१७-१९,२२; ५:८) ।

३. तिनीहरूलाई मुक्ति दिन परमेश्वरले ख्रीष्टद्वारा हस्तक्षेप गर्नुभएको (एफिसी१:७,८;२:४-६;१३-१९;४:१,२०,२१; २,८,२३,२५,२६)।

४. तिनीहरूले सुसमाचारलाई अङ्गालेको (एफिसी १:१२,१३ र अरू पदहरूले पनि देखाएका छन्) । एक फेर तिनीहरूमा आशा थिएन (एफिसी २:१२), अब तिनीहरूमा "एकै आशा" छ र त्यसतिर विश्वासीहरू अघि बढिरहेका छन् (एफिसी ४:४; १:१८) ।

५. तिनीहरूको बर्तमान जीवनलाई येशूका चेलाहरू भनेर सम्बोधन गरिएकोछ। तिनीहरू दुष्ट शक्तिको विरोध र चलखेलमा रहन वाध्य भएतापनि ती दुष्टशक्तिहरूबाट बच्न तिनीहरूले उच्च पारिनुभएको प्रभुबाट शक्ति र श्रोतहरूको उपभोग गर्न सक्छन् (एफिसी १:१५-२३; २:६; ३:१४-२१; ४:७; ६:१०-२०) ।

६. इतिहासको भविष्य अन्त हुने निश्चित छ । पवित्र आत्मा त्यसको ग्यारेन्टी वा जमानत हुनुभएको छ (एफिसी १:१३,१४) वा उहाँले हामीलाई छाप लगाउनुभएको छ (एफिसी ४:३०) । हामीले मुक्तिको फल पाउनेछौं भनेर पवित्र आत्माले यकिन गर्नुभएको छ । त्यस शिर्षस्थ क्षणमा चेलाहरूको विश्वासको अडानले गर्दा तिनीहरूले "सम्पत्ति" पाउनेछन् जुन ख्रीष्टमा तिनीहरूले पाइसकेका थिए (एफिसी २:७; ६:८,९) । तिनीहरूले ख्रीष्टलाई विश्वास गरेर त्यसमा निष्ठावान भएर बसेकोमा तिनीहरूले आउने ख्रीष्ट केन्द्रित युगमा स्थान पाउनेछन् (एफिसी १:२१; २:७; १९:२२; ४:१३,१५; ५:२७) ।

**चिन्तनमननः**

**अ. एफिसीहरूलाई लेखेको पत्रमा भएको कथा केवल पहिलो शताब्दीका विश्वासीहरूकोमात्र कथा थिएन। यो हामी सबैको र हामी व्यक्तिगतको कथा हो। त्यस कथामा के मूख्या कदमहरू छन् जसले तपाईंलाई यस क्षणमा ठूलो आशा प्रदान गर्दछ?**

**आ. आफ्ना श्रोताहरूको विगतका पापहरूको बारेमा पावलले किन बारम्बार याद दिलाउँछन्? येशूलाई विश्वास गर्नुभन्दा तिनीहरूको जीवन कस्तो थियो भनेर तिनीहरूले याद गरिरहनुपर्छ भनेर उनले किन सम्झाउँछन्?**

**इ. एफिसी २:८-१०मा सुसमाचारको बारेमा पावलको सारांश रोमी १:१६,१७सँग तुलना गर्नुहोस्। के विषयबस्तुहरू ती पदहरूमा देखा पर्छन्? के कुरामा तिनीहरू फरक छन्?**

**ई. विश्वासीहरूका असल काम, उपकारी, परोपकारी र दानी कामले मुक्ति पाउन कुनै भूमिका खेल्दैनन्। तिनीहरूको पुण्य कामले मानिसहरूको निगाहा प्राप्त त गर्न सक्दैन, तै पनि विश्वासीहरूका जीवनमा असल काम, उपकारी, परोपकारी दानी कामले परमेश्वरको योजनामा के भूमिका खेल्दछ? हेर्नुहोस्, "हामी असल कामहरूका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सीप हौं। हामी तीबमोजिम हिँड़ौं भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नुभएको थियो।" एफिसी २:१०।**

# कथा ४

# बाइबल सेमिनारीमा हिचकिचाउँदै भर्ना भएको विद्यार्थी

## स्टानिस्लाभ, सर्बिया



किशोर अवस्थामा नै स्टानिस्लाभले आफ्नो हृदय येशूलाई सुम्पेका थिए। त्यस पछि उनी सर्वियामा रहेको आफ्नो घरेलु चर्चमा सक्रिय भएका थिए। उसले धेरै प्रवचनहरू दिएका थिए तर आफू पास्टर हुने कहिल्यै पनि सोचमा परेका थिएन। "येशूसँग एक महिना" भन्ने बाइबलीय ज्ञान दिने कार्यक्रममा भाग लिन चर्च पास्टरले उनलाई सल्लाह दिए। तर स्टानिस्लाभ जान चाहेन। त्यो कार्यक्रम युवाहरूको निम्ति थियो, र उनी झण्डै ४० वर्षका थिए। आफू नजाने उनले जिकिर गरे तर पास्टर उनी जाऊन् भनेर अडिग भए। "तिम्रो लागि त्यो कार्यक्रम रोचक हुनेछ," पास्टरले भने। "अहँ म जान चाहन्न," स्टानिस्लाभले भने। "ठिकै छ, तिम्रो लागि तिमी जान चाहेन भने कमसेकम चर्चको लागि त जाऊ," पास्टरले जिकिर गरे। अनि स्टानिस्लाभ गए। युवाहरूमा उनीमात्र एक्लै ठूलो थिए। तर पास्टरले उनलाई धेरै हौशला दिए।

एक दिन पास्टरले उनलाई भने, "तिमी पास्टर बन्न बेलग्रेडको एडभेन्टिस्ट सेमिनारीमा जानुपर्छ।" "नाइँ, म बुढो भइसकें। म स्कुल नगएको धेरै भइसक्यो। मलाई त लेख्न पनि बिर्स्यो," आनकानी गर्दै स्टानिस्लाभले पास्टरलाई भने। तर उनी सेमिनारीमा जान पास्टर अडिग भए। स्टानिस्लाभको खुबी देखेर उनी पास्टर बन्न अध्ययन गर्न जाऊन् भनेर तिब्र अनुरोधले दुवै जना रोए पनि।

"हुन्छ त, तर म पढ्न गएँ भने मेरो काम छुट्नेछ। पढ्न मसँग पैसा छैन न त मेरो कुनै बचत छ," स्टानिस्लाभले सुनाए। "त्यसको निम्ति परमेश्वरले नै सम्हाल्नुहुनेछ," पास्टरले भने। आफू उपवास बसेर प्रार्थना गर्छु भनेर स्टानिस्लाभले जवाफ दिए। अनि उनले त्यसै गरे।

अनि तुरुन्तै केही न केही हुन थाल्यो। बाइबल अध्ययन रिट्रिट वा युवा भेलामा उसको कारलाई अर्को कारले ठोकर दियो। यो त आफू सेमिनारीमा जानुपर्ने सूचक थियो भनेर उनले सोचे। उसले युवाहरूसँग फुटबल खेले। उनको बल पक्रन जाँदा उनी रूखमा ठोक्न पुगे र उनी रक्ताम्य भए। यो त दोस्रो सूचक थियो भनेर उनले सोचे। अनि जब उनी चौरमा आराम गर्दै थिए तब केही बस्तु उनको आँखामा पऱ्यो। यसले उनको आँखा सुन्यो। यो

त निशितत सूचक हो, म निको भएपछि जानै पर्ने भयो भनेर उनले सोचे। अनि फेरि उनको एउटा कान बहिरा भयो।

"हुन्छ त प्रभु यदि तपाईंको इच्छा हो भने म छिटै पढ्न जान्छु। युवा भेलाको अन्त सम्म पनि म पर्खिंदिन," उनले प्रार्थना गरे।

त्यसबेला एउटा आवाज उनमा आएको महसुस गरे, "के ती सबै थोक तिम्रो लागि मैले नै गरें होला?" "हो त नी। सेमिनारीमा पढ्ने परमेश्वरकै इच्छा भएतापनि उहाँले ती घट्नाहरू आउन दिनुहुने थिएन," उनले सोचे।

भेलापछि उनी सेमिनारीमा गए। आफू पास्टर बन्न लाएको छैन र आफू भर्ना हुन लिएको परीक्षामा असफल हुन सक्छ भनेर उनले आफ्नो मनमा खेलाए। तर उनी पास भए। अनि आफ्नो जीवनको कारण आफू अन्तर्वार्तामा असफल हुनेछ भनेर सोचे। अनि उनले प्रार्थना गरे,"प्रभु यो कचौरा मबाट हटाउनुहोस्। तर मेरो इच्छा होइन तपाईंको इच्छा पूरा होस्।" स्टानिस्लाभ अन्तर्वार्तामा सफल भए र सेमिनारीमा भर्ना भए।

ट्युशन फी तिर्न स्टानिस्लाभको पर्याप्त पैसा थिएन। उनले आफ्नो हाइस्कुलमा राम्रो नम्बर ल्याएको थिएन। उनलाई कसैले पनि आर्थिक सहयोग गर्नेछैन भनेर निश्चित भएका थिए। तर अच्चम्म! उनी अध्ययनमा "ए" पाएपछि उनको खातामा पैसा पो आउन थाल्यो। पैसा कहाँबाट आएको थियो उनलाई थाहा भएन। तर सेमिनारीको निम्ति खर्च सधैं जुटेको थियो।

जाँचको समय डरको समय थियो। बाइबलसम्बन्धी परीक्षामा उनलाई चिन्ता लागेको थियो। क्याम्पसमा काम गर्नुपर्दा परीक्षाको निम्ति तयार हुन खास फुर्सद थिएन। धेरै विद्यार्थीहरूले गर्न छोडेको काम उनले गर्नुपरेको थियो। स्टानिस्लाभले अलि अलिमात्र पढ्न फुर्सद पाएका थिए।

उनले प्रार्थना गरे, "प्रभु, मैले जानाजानी पढ्न नभ्याएको होइन। मैले जे गर्नुपरेको थियो मैले लगनशील भएर नै गरें। मलाई सहयोग गर्नुहोस्।" वार्षिक परीक्षामा उनी बसे। परीक्षाको सबै विषयबस्तु आफूले पहिला नै पढेको आधारमा भएको उनले थाहा पाए। उनी सजिलैसँग परिक्षामा पास भए। यो नै उनको निम्ति निर्णायक बिन्दु थियो। आफू सेमिनारीमा रहनुपर्ने उनले महसुस गरे। अनि स्टानिस्लाभ पहिलो सेमिनारी विद्यार्थी भए जसले पूरा छात्रवृत्ति पाएको थियो। एक फेरा आनकानी गर्ने सेमिनारी विद्यार्थी ग्राडुएशन हुनुभन्दा एक हप्ता अघि एडभेन्टिस्ट मिसनसँग कुराकानी गरेका थिए। "म त स्कूलमा खराब विद्यार्थी थिएँ, तर अहिले अध्ययनमा फर्स्ट हुन पुगें। यो त राम्रै भयो। मेरो जीवनमा परमेश्वरले काम गरिरहनुभएको थियो। उहाँबिना म केही पनि गर्न सक्दिनथें," ४१ वर्षको स्टानिस्लाभले बताए।

*-आन्ड्र्यु मेकचेस्ने*